पोखरा उपत्यका साइडसिन धुम्न जाऔं

घुमाउने ठाउँहरू

बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख ३० गते मंगलबार ❑ 13 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## विश्वव्यापी रूपमा बढिरहेको अशान्ति र द्वन्द्व समाधान गर्न बुद्ध-शिक्षा महत्वपूर्ण: प्रधानमन्त्री ओली

**रासस**
काठमाडौं, २९ बैशाख

प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वव्यापीरूपमा बढिरहेको अशान्ति र द्वन्द्व समाधान गर्न बुद्धबाट प्राप्त शिक्षा महत्वपूर्ण भएको बताउनुभएको छ।

बुद्ध जन्मस्थल लुम्बिनीमा आज आयोजित २५६९औँ बुद्धजयन्ती एवम् लुम्बिनी दिवस-२०८२ मूल समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले समयक्रममा बुद्धको उपदेश र शिक्षा विश्वका लागि महत्वपूर्ण रहेको बताउनुभयो। उहाँले अहिले विश्वमा बढ्दै गएको द्वन्द्व र हिंसालाई हतियारको बलमा नभई बुद्धबाट प्राप्त शान्तिको सन्देशले मात्र रोक्न सक्ने धारणा व्यक्त गर्नुभयो । प्रधानमन्त्री ओलीले भारत-पाकिस्तान बीचको द्वन्द्व नेपालसहित अन्तरराष्ट्रियजगत्को अनुरोधपछि दुवै पक्ष संयमित भएका तथा त्यसको परिणामस्वरुप युद्ध राकिनाका साथै क्षति हुनबाट जोगिएकामा खुसी व्यक्त गर्नुभयो। केही दिनअघि छिमेकी मुलुक भारत र पाकिस्तानबीच तनाव भएको उल्लेख गर्दै उहाँले तर स्थिति त्योभन्दा बढी अघि बढ्न नपाएको र संयमताका लागि दुवै पक्षलाई धन्यवादसमेत दिनुभयो।

"हामीले सुरुदेखि नै तनावको स्थिति लडाइँमा परिणत हुन नपाओस् भन्यौं, उहाँहरूसँग पनि कुरा गर्‍यौं । उहाँहरूले लडाइँमा नजाने प्रतिबद्धता व्यक्त गर्नुभयो", प्रधानमन्त्री ओलीले भन्नुभयो । बुद्धको शान्तिको सन्देशको आवश्यकता जहिले र जहाँपनि रहेको उहाँको भनाइ थियो। "बुद्धको सन्देशको महत्व व्यक्तिको मनस्थितिको शान्तिका लागि छ, पारिवारिक शान्तिका लागि र हरेक ठाउँमा उत्तिकै छ", प्रधानमन्त्री ओलीले भन्नुभयो । विश्वमा युद्ध होडबाजीका नाममा ठूलो सङ्ख्यामा हतियार निर्माण गर्ने र थुप्रो लगाउने काम भइरहेको उल्लेख गर्दै उहाँले यो विश्वको मानव अस्तित्वका लागि खतरनाक विषय भएको बताउनुभयो । यस खालका खतरनाक चीजबाट उन्मुक्तिका लागि हामी फेरि पनि विश्व शान्तिको पक्षमा उभिनुपर्ने उहाँले उल्लेख गर्नुभयो। बुद्धको जन्मथलोको विकासमा योगदान गर्नुहुनेसबैलाईस्मरणगर्दैप्रधानमन्त्री ओलीले उहाँहरूप्रति आभार व्यक्त गर्नुभयो । लुम्बिनीको विकासका लागि गुरुयोजना निर्माण गरेर विशेष योगदान पुर्‍याउने प्रोफेसर केञ्जो टाङ्गेप्रति आभार व्यक्त गर्दै उहाँले गुरुयोजना पूरा गर्न अझै बाँकी रहेको र सरकारले गुरुयोजना सकेसम्म छिट्टै सम्पन्न गर्नेतर्फ ध्यान दिएको बताउनुभयो । शान्ति, मानवता र करुणा उपदेशलाई आत्मसात गर्दै बुद्धका सन्देश संसारभर फैलाउन आवश्यक रहेको प्रधानमन्त्री ओलीले बताउनुभयो । उहाँले मानव अस्तित्व र पृथ्वीको सुरक्षाका लागि बुद्धका उपदेश मैत्रीभाव र करुणाको प्रवृत्ति हरेक मानिसले आत्मसात गर्न आवश्यक रहेको उहाँको भनाइ थियो।

प्रधानमन्त्री ओलीले बुद्धको शिक्षाको मुख्य उद्देश्य शान्ति, मानवतावाद र करुणा रहेको उल्लेख गर्दै बुद्धका उपदेश र आदर्श हामीले आत्मसात् गर्नुपर्ने बताउनुभयो । बुद्धका शिक्षा र उपदेश फैल्याउन बौद्ध विश्वविद्यालय स्थापना गरिएको बताउँदै उहाँले विश्वविद्यालयले खोज अनुसन्धानमा ध्यान दिनुपर्ने बताउनुभयो। बुद्धका शिष्यहरूको योगदानको प्रशंसा गर्दै प्रधानमन्त्री ओलीले शान्ति, करुणा र प्रेमजस्ता मूल्यको प्रचारमा उनीहरूले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो। उहाँले बुद्धको शिक्षा त्रिपिटकको निर्माण र बुद्धको शिक्षाको सङ्ग्रह गर्न भिक्षु आनन्दको योगदानको स्मरण गर्दै त्रिपिटकलाई भोजपत्रमा लेखेर सुरक्षित गरिएको बताउनुभयो । उहाँले भिक्षु आनन्दले तक्षशिलामा गएर त्रिपिटकलाई लिखित गर्नुभएको पहिलो दस्तावेज अहिले पनि भारतको पटना सङ्ग्रहालयमा रहेको बताउनुभयो । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री तथा लुम्बिनी विकास कोषका अध्यक्ष बद्रिप्रसाद पाण्डे लुम्बिनीमा बनेको ध्यान केन्द्र हलको 'साउण्ड सिस्टम'लाई व्यवस्थित गर्न सरकारले काम अघि बढाएको र आगामी बुद्धजयन्ती अगावै व्यवस्थित हुने जानकारी गराउनुभयो । सरकार लुम्बिनी गुरुयोजना पूरा गर्न तथा लुम्बिनीका साथै वृहत्तर लुम्बिनी क्षेत्रको विकास योजना लागू गर्न सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभयो। लुम्बिनीप्रति स्थानीयको अपनत्व भाव वृद्धि गरेर अगाडि बढ्न भूमिका खेल्ने मन्त्री पाण्डेको भनाइ थियो । उहाँले गौतमबुद्ध विमानस्थलसँगै पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनका लागि सरकार तत्परताका साथ लागेको बताउनुभयो। उहाँले यसका लागि आगामी जेठ ७ गते यस विषयमा सरोकारवाला निकायसहितको बृहत् छलफल आयोजना गरिएको र त्यस छलफलबाट सरकारले महत्वपूर्ण निर्णय गर्ने बताउनुभयो।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बुद्ध दर्शनको महत्व दिन प्रतिदिन बढिरहेको उल्लेख गर्दै आजको दिनमा बुद्ध शिक्षालाई अझ व्यापक बनाउन जरुरी रहेको बताउनुभयो । लुम्बिनी विश्वको आस्थाको केन्द्र भए पनि यहाँ पर्यटक ल्याउनका लागि गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल नियमित रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो।

## पोखराको प्रतिनिधित्व सुनिश्चितताको लागि पोखरा पर्यटन परिषदको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २९ बैशाख

पोखराको पर्यटन व्यवसायीहरुको छाता संस्था पोखरा पर्यटन परिषदले रिक्त हुन लागेको नेपाल पर्यटन वोर्डको कार्यकारी सदस्यमा पोखराको प्रतिनिधित्व सुनिश्चितताको लागि आग्रह गरेको छ।

परिषदका अध्यक्ष तारानाथ पहारीले हस्ताक्षर गरेको अनुरोध पत्रमा नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेलाई सम्बोधन गर्दै नेपाल पर्यटन वोर्डको रिक्त हुन लागेको उक्त कार्यकारी सदस्य पदमा पोखराकै प्रतिनिधित्व सुनिश्चितताको लागि पहल गर्न अनुरोध गरिएको छ। पर्यटनको राजधानि घोषणा भई सकेको अबस्थामा ६ खर्ब भन्दा वढि निजि क्षेत्रवाट लगानी रहेको पोखराबाट नेपाल पर्यटन वोर्डमा प्रतिनिधित्व नरहेको वर्तमान अवस्थामा अब रिक्त हुने उक्त पदमा यस क्षेत्रको प्रतिनिधि अति आवश्यक भएको परिषदका अध्यक्ष पहारीले दाबी गर्नुभयो।

कृषि, उर्जा र पर्यटन नै देशको संमृद्धि मुख्य आधार स्तम्भका रुपमा लिई राज्यले अख्तियार गर्ने विभिन्न निति तथा कार्यक्रम अगाडि बढाएको उहाँले जनाउनु भयो।

प्रकृक्ति, संस्कृति र पर्यावरणको अनुपम उपहार हाम्रो भुमि पर्यटनका माध्यमवाट रोजगारी सृजना गर्दै विदेशी मुद्रा आर्जनको अपार सम्भावनालाई ध्यानमा राखी छिटो छरितो एवं सरोकार वाला सहितको संयन्त्रबाट उपलब्धी हासिलका निमित्त नेपाल पर्यटन वोर्डको गठन भएको परिषदले उल्लेख गरेको छ।

परिषदका अध्यक्ष पहारीले भन्नुभयो" मन्त्रीज्युको आगमनसँगै नेपालको पर्यटन विकास र विस्तारमा यहाँले निभाएको भुमिका अविस्मरणीय रहेको छ भने आगामी कार्यक्रम समेत सोहि बमोजिम नै हुनेमा हामी सम्पुर्ण पर्यटन व्यवसायी आशावादी भएका छौं, हामी पर्यटनबाटै आर्थिक विकास र समृद्धि हासिल गर्न सक्छौं ।" पोखरामा हाल पोखरा भ्रमण वर्ष २०२५ समेत घोषणा गरी विभिन्न कार्यक्रमहरु अगाडी सारेको छ । यस समयमा आफुहरुलाई अभिभावक चाहिएको पहारीले बताउनु भयो।

## 'बुद्ध दर्शनले राष्ट्रिय एकतालाई सुदृढ पार्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, २९ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बुद्ध दर्शनलाई अवलम्बन गर्न सके मुलुक चाँडै शान्ति, स्थायित्व र समृद्धिको पथमा लम्कन सक्ने बताउनुभएको छ।

भगवान् गौतमबुद्धको २५६९औँ जन्मजयन्ती तथा किरात समुदायको उभौली पर्वका अवसरमा सोमबार शुभकामना सन्देश दिँदै उहाँले विभिन्न जातजाति, भाषाभाषीबीच एकता, सहिष्णुता र सद्भाव कायम गरी राष्ट्रिय एकतालाई सुदृढ र सबल बनाउन गौतमबुद्धका उपदेशले मार्गदर्शन प्रदान गर्ने बताउनुभएको हो । "बुद्धले दिनुभएको करुणा, अहिंसा, समता र शान्तिको मार्ग आजको सन्दर्भमा उत्तिकै सान्दर्भिक भएको छ, उहाँका शिक्षाले हामीलाई आत्मपरीक्षण, अनुशासन र मानव सेवाको मार्गमा अघि बढ्न प्रेरणा दिन्छ", मुख्यमन्त्री पाण्डेद्वारा जारी शुभकामना सन्देशमा उल्लेख छ। बुद्धजयन्ती एवं उभौली पर्वले सबै नेपालीबीच आपसी प्रेम, बन्धुत्व र एकताको भावना बढाएर शान्त अनि समुन्नत नेपाल निर्माण गर्न प्रेरणा प्रदान गर्नेमा उहाँले विश्वास व्यक्त गर्नुभएको छ।

## सकियो न्यायिक सम्मेलन, आठ बुँदे घोषणापत्र जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २९ बैशाख

गण्डकी प्रदेशभित्रका स्थानीय तहका न्यायिक समितिहरूको दोस्रो न्यायिक सम्मेलन सोमबार सकिएको छ।

दुई दिनसम्म बागलुङ बजारमा आयोजित सम्मेलनले आठ बुँदे बागलुङ घोषणापत्र जारी गरेको छ। घोषणापत्रमा न्याय सम्पादनमा एकरूपता ल्याउनेदेखि न्यायिक समितिको संस्थागत विकासमा प्रतिबद्धता जनाइएको छ।

संविधान र स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्थाअनुसार न्यायिक समितिका कामलाई प्रकृयागत र विधिसम्मत सञ्चालन गर्नका लागि गण्डकी प्रदेशका ८५ वटै स्थानीय तहका न्यायिक इजलासलाई एकरूपताका साथ सञ्चालन गरिने घोषणापत्रमा उल्लेख छ । गण्डकी प्रदेश सरकारसँगको समन्वयमा साझा कार्यविधि तयार गरी न्यायिक कार्यसम्पादनलाई एकरूपता दिने प्रतिबद्धता सम्मेलनले गरेको बागलुङ नगरपालिकाका उपप्रमुख एवं न्यायकि समितिका संयोजक राजु खड्काले जानकारी दिनुभयो । दलित, आदिवासी, अल्पसङ्ख्यक, विपन्नलगायत समुदायलाई आर्थिक विकास, उत्पादन र रोजगारीमा जोड्दै सामाजिक न्याय प्रदान गर्ने प्रतिबद्धता गरिएको छ। न्यायिक समितिहरूले हालसम्म गरेका काम र गतिविधि समेटेर न्यायिक प्रोफाइल प्रकाशन गर्ने, न्यायिक समितिको संस्थागत विकास, अन्तर स्थानीय तह अनुभव आदानप्रदान, असल अभ्यासको अनुशरण, आपसी सहयोग र सहकार्यमा जोड दिइएको उपप्रमुख खड्काले बताउनुभयो । स्थानीय तहमा न्यायिक अधिकारको प्रयोग गर्दा प्रचलित ऐन, कानुनले


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



## स्याङ्जाका सबै पालिका पुर्ण खोप सुनिश्चित

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २९ बैशाख

स्याङ्जा पूर्ण खोप सुनिश्चित जिल्ला बनेको छ । जिल्लाका ११ वटै पालिकालाई पुर्ण खोप सुनिश्चितता तथा दिगोपना प्रमाणीकरण घोषणा गरेसँगै जिल्ला पूर्ण खोप सुनिश्चित जिल्ला बनेको हो।

२०७५ साल असार यता हरेक वर्ष खोप लगाएको प्रमाणीकरण गरिँदै आएपछि मात्रै पूर्ण खोप सुनिश्चित तथा दिगोपना प्रमाणीकरण गरिएको हो। जन्मेदेखि १५ महिनाभित्रका बालबालिकाहरुले पाउने ७ पटकमा १३ वटा रोग विरुद्धको ९ प्रकारका खोप लगाएपछि सुनिश्चितता तथा दिगोपना प्रमाणीकरण गरिएको छ।

प्रदेश स्वास्थ्य कार्यालय स्याङ्जाले सम्बन्धीत पालिकाका स्वास्थ्य शाखा तथा पालिकाको सहयोगमा पुर्ण खोप सुनिश्चित तथा दिगोपना प्रमाणीकरण सम्बन्धीत पालिकामै गई कार्यक्रम गरेको प्रदेश स्वास्थ्य कार्यालयका मनिषकुमार झाले बताए । जिल्लाका २ हजार ७४६ जना बालबालिकाले जन्मेदेखि १५ महिनाभित्र पाउने खोप सम्पुर्ण खोप लगाएका छन् । पुर्ण खोप सुनिश्चित प्रमाणीकरणमा १६ देखि २३ महिनासम्मका बालबालिकाको खोप तथ्यांक संकलन गरिएको थियो । ११ पालिका मध्ये नगरपालिका तर्फ वालिङका ६ सय २० जना, पुतलीबजारका ५ सय २३ बालबालिका, गल्याङ्का ३ सय २३, भीरकोटका २ सय ५३ र चापाकोटका १ सय ८८ बालबालिका तथा गाउँपालिका तर्फ कालीगण्डकीका २ सय ५, अर्जुनचौपारीका १ सय ५७, आँधीखोलाका १ सय ४६, हरिनासका १ सय ३१, फेदिखोलाका १ सय १४ र बिरुवाका ८६ जना बालबालिकाले पुर्ण खोप प्राप्त गरेका छन् । जन्मदेखि १५ महिनासम्मका बालबालिकाले क्षयरोग, पोलियो, झाडापखला, भ्यागुते रोग, लहरे खोँकी, धनुष्टंकार, हेपटाईटिस बि, हेमोइन्फ्युएन्जा बि, निमोनिया, दादुरा, रुबेला, जापानिज इन्सेफ्लाईटिस र टाईफाईड गरी १३ रोग विरुद्धको खोप लगाएको सुनिश्चित भएपछि मात्रै पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिन्छ । सबै पालिका पुर्ण खोप सुनिश्चिता तथा दिगोपना प्रमाणीकरण भएसँगै केहि समयभित्र जिल्लालाइ समेत पुर्ण खोप सुनिश्चित तथा दिगोपना प्रमाणीकरण गरिने जिल्ला समन्वय समितिले जनाएको छ । कोहि पनि बालबालिका खोप लगाउनबाट वञ्चित नहुँन भन्दै प्रमाणीकरण अभियान चलाइएको स्वास्थ्य कार्यालयले जनाएको छ।

# गण्डकी प्रदेशकै ठूलो चार्जीङ हव बनाउने अभियानमा वाई.यू.के. पोखराको सेतीबगरमा चार्जिङ स्टेसन

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

पोखरा १८ को सेदी बगरमा गण्डकी प्रदेशको विद्युतीय सवारी साधनको अत्याधुनिक फास्ट चार्जिङ स्टेसनको हव बनाउने अभियान सुरु भएको छ । वाई यू.के.सुपर मार्केटले पोखराको सेतीबगरमा प्रदेशकै चार्जिङ स्टेसनको हव बनाउने अभियान अन्तर्गत केही महिना देखि फास्ट चार्जिङ स्टेसनको रुपमा संचालनमा ल्याएको हो ।

पछिल्लो समयमा धेरै विद्युतीय सवारी साधन सडकमा गुडन थालेसँगै आवश्यक पर्ने चार्जिङको लागि आफुहरुले प्रदेशकै चार्जिङ स्टेनको हवको रुपमा विकास गर्न खोजिएको वाई यू.के सुपर मार्केट प्रा.लि.का अध्यक्ष युवा व्यवसायी युवराज खतिवडाले बताए ।

उक्त अभियान अन्तर्गत हाल आफुहरुले एकै पटकमा ५ वटा गाडीमा चार्जिङ गर्न मिल्ने गरी चार्जिङ स्टेशनको प्रबन्ध गरे पनि पुनः गरी १८ वटासम्म गाडीहरु एकै पटकमा चार्जिङ गर्न मिल्ने व्यवस्था मिलाउन लागेको उनले जनाए । उक्त परियोजनामा हाल करिब ३ करोड लगानी गरेको सुपर मार्केटले जनाएको छ । हिजोआज दैनिक जसो ३५ वटा गाडीहरु चार्जिङ गर्न आउन थालेको खतिवडाले जनाए ।

आफुहरुले चार्जिङ स्टेशन सहित कारवास (गाडी सफाई) समेत गर्ने भएको उनले जनाए । उक्त स्टेशनमा २४ सै घण्टा चार्जिङ स्टेशन तथा कार वास सहितको सेवा दिने गरी उक्त मार्केटमा लज(होटल) को समेत व्यवस्था गरेको खतिवडाले जनाए । गाडी चालकलाई आफुहरुले बढी प्राथमिकता दिएको बताउदै अध्यक्ष खतिवडाले चार्जिङ गर्न आएका चालकहरुलाई आफुहरुले निःशुल्क रुपमा आवासिय सहितको होटलमा खाना सहितको प्रबन्ध गरेको जनाए ।

उक्त मार्केटमा सहुलियत दरमा खानाको व्यवस्था रहेको अध्यक्ष खतिवडाले जनाए । मार्केटमा मटन खाना ३ सय ५०, चिकेन खाना २ सय र सादा खाना १ सय ५० मा उपलब्ध हुने भएको छ । आफुहरुले हाल ४ वटा रुम चालकहरुको लागि व्यवस्था गरेको बताउदै अध्यक्ष खतिवडाले विभिन्न राजमार्गमा गाडी हाक्ने चालकलाई आरामदायि ढंगबाट बस्नको लागि व्यवस्था गरेको जनाए ।

धादिङको निलकण्ठ नगरपालिकाका ३६ बर्षीय युवा खतिवडाले संचालन गरेको उक्त सुपर मार्केटमा हाल सिमित सिटमा व्यवसायीक सटरहरु रहेको जनाए । नेपाली नयाँ बर्षको अवसरमा केही सहुलियत दरमा सटरहरु बुकिङ खुल्ला गरिएको उनले जनाए । पोखरा १८ सेदीमा सिसिटीभी जडित नवनिर्मित प्रहरी बिट समेत हाले संचालनमा आएको छ । उक्त सेतीबगर देखि करिब ५ सय मिटर नजिक अन्नपूर्ण केवलकारको तल्लो स्टेशन रहेको छ । पछिल्लो समयमा पोखरा लेकलाइडमा आउने केही पर्यटकहरुको रोजाई भने सेतीबगर हुदै फेवातालको माथिल्लो माग तर्फ रहेको स्थानिय व्यवसायीहरुले बताए ।

# सिग्देल मार्ग टोलको अध्यक्षमा मुकुन्द सिग्देल

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख



गीतामा भने भै 'कर्म गर फलको आशा नगर' भन्ने कुरालाई मध्यनजर गर्दै व्यवहारमा उतारे मात्र समाजसेवी बन्न सकिन्छ । स्वार्थरहित जो कर्ममा लाग्छ त्यसलाई समाजेवी भन्न सकिन्छ ।

स्कुले जीवनदेखी आजसम्म स्वार्थरहित कार्य गर्दै आइहेका छन् पोखरा १३ निवासी मुकुन्दप्रसाद सिग्देल । हरेक टोल टोलमा लामो समयदेखि क्रियाशील रहँदै आएका उनै सिग्देल हालै सिग्देल मार्ग टोल विकास संस्थाको दसौं साधरण सभा तथा पाचौं अधिवेशनले अध्यक्षमा निर्विरोध चयन भएका गरेको हो । उनको अथक सेवा र समर्पणलाई कदर गर्दै संस्थाका सदस्यहरूले सर्वसम्मत रूपमा उनलाई नेतृत्व सुम्पेका छ ।

सानै उमेर देखी आफ्नो टोलमा जन्म देखी मृत्यु सम्मको कुनै पनि कार्यमा अगाडि बढ्ने उनको स्वभाव थियो । कसैले कुनै समस्यको व्यथा पोख्न पाएको छैन उनी के भएको पहिला गएर बुझी अनि हजुरको सवै कुरा त्यहीं सुनौला भन्ने स्वभावले आज समाजले अध्यक्ष पदको जिम्मा दिएको छ । सिग्देल मार्ग टोल विकास संस्थावाट समाजमा सेवा गर्न हुटहुटी भएका कमला बन्जार पगेनीलाई उपाध्यक्षमा, सत्यदेवी रेग्मी खनाल सचिवमा, पार्वती गुरुङ कोषाध्यक्षमा र बद्रि प्रसाद सिग्देललाई सह सचिवमा चयन गरेको छ । त्यसैगरी संस्थाको सदस्यहरूमा क्रमश भिम बहादुर गुरुङ, गिता सुवेदी पौडेल, बसन्ती गिरी, खुमाया नेपाली र सरस्वती सिग्देल रहेका छन् । "मैले समाजलाई दिने सोच बनाएँ, अनि साथ दिने मानिसहरू भेटिए । अध्यक्ष बन्ने सोच कहिल्यै थिएन, तर आज जिम्मेवारी आएको छ भने अझै गम्भीर भएर काम गर्छु," सोही दिन अध्यक्ष मुकुन्दले आफ्नो प्रतिक्रिया पोखरापत्रलाई व्यक्त गरे । स्थानीयस्तरमा सिग्देलको नेतृत्वले संस्थालाई अझ प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्ने विश्वास गरिएको छ । पोखरा महानगरपालिका वडा नं १३ का वडा सदस्य सुचित तामाङले समाजमा विकास गर्नको लागि सवै मिलेर आगाडि बढ्नु पर्नेमा जोड दिइन् । मलाई आज सम्म यहाँ सम्म पुराउनु भएकोमा सबै टोलवासीलाई खुशीहुँदै धन्यवाद व्यक्त गरिन सदस्य सुचितले ।

सिग्देल मार्ग टोल विकास संस्थाका अध्यक्ष गोविन्द प्रसाद सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाको सदस्यहरुको तर्फवाट सकुन्तला गुरुङ, भद्रकाली बहुमुखी क्याम्पस संचालक समितिका अध्यक्ष माधवप्रसाद सिग्देल, पृथ्वीधर सिग्देल समाजका अध्यक्ष मैयादेवी सिग्देल, शान्ति टोल विकास संस्थाका अध्यक्ष गिता गौतम लगायत वालेको कार्यक्रममा संस्थकी सह सचिव कमला बन्जारा पगेनीले स्वागत र सचिव मुकुन्द प्रसाद सिग्देलले संचालन गरेको थिए । सोही दिन संस्थाका सदस्यहरुवाट जेष्ठ नागरिकहरुलाई सम्मान गरियो ।

# जन्मदिनमा जानकी माविमा अक्षयकोष र शैक्षिक सामाग्री

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

पछिल्लो समय जन्मदिनमा तडकभडक नभई सामाजिक एवम् शैक्षिक क्षेत्रमा लगानी गर्नुपर्दछ भन्ने सोच बढेको छ । सो भावनाले प्रेरित भई यहाँका एक युवाले जन्मदिनको खर्च कटौती गरेर विद्यालयलाई सहयोग गरेर छन् ।

पोखरा महानगरपालिका वडा नं. १७ महतगौडाका युवा एलेक्स शर्मा भण्डारीले जानकी माध्यमिक विद्यालयमा ५५ हजार ५५५ रुपैयाको अक्षयकोष स्थापना र विद्यार्थीलाई १० हजार मुल्य बराबरको शैक्षिक सामाग्री वितरण गरेर आफ्नो जन्मदिन मनाएका हुन । इन्फोम्याटिक कलेज रानीपौवामा स्नातक तह प्रथम बर्षमा अध्ययनरत भण्डारीले खाजा खर्च कटाएर जम्मा गरेको रकमले विद्यार्थीलाई शैक्षिक सामाग्री वितरण गरेका हुन भने बुबा नगेन्द्र शर्मा र आमादेव लक्ष्मी र अनितासंगको अनुरोधमा विद्यालयमा अक्षयकोषको स्थापना गर्न सफल



भएको बताए । विद्यालयमा आयोजित एक कार्यक्रमका बीच विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र गुरुङ, शिक्षक अभिभावक संघका अध्यक्ष विक्रम भण्डारी, व्यवस्थापन समितिका सदस्यहरु, प्रधानाध्यापक अर्जुन कडेल, शिक्षक तथा विद्यार्थीको उपस्थितिमा शैक्षिक सामाग्री र उक्त रकम बराबरको चेक हस्तान्तरण गरिएको हो । २०३५ सालमा स्थापना भएको सो विदालयमा हाल तीन सय भन्दा बढी अध्ययनरत छन् ।पछिल्लो समय सामुदायिक विद्यालय समाजका विपन्न, र असहाय वर्गका विद्यार्थीको अध्ययनको थलो बन्दै आएको छ । विद्यालयले पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत बाँसका सामाग्री बनाउने सिपमूलक कार्यक्रम समेत सञ्चालन गरेको छ । जसका लागि गण्डकी प्रदेश सरकारले यस आर्थिक बर्षमा पाँच लाख रुपैया विनियोजन गरेको प्रधानाध्यापक अर्जुन कडेलले जानकारी दिनुभयो ।

# सकियो ...

आत्मसाथ गरेको मेलमिलापको पद्धतिलाई थप व्यवस्थित र प्रभावकारी बनाई मेलमिलापको माध्यमबाट समाजमा शान्ति कायम गर्ने कार्यमा न्यायिक समितिहरू सधैँ तत्पर रहने घोषणापत्रमा उल्लेख गरिएको छ । बागलुङ नगरपालिकाको आयेजनामा भएको उक्त सम्मेलनले हरेक छ महिनाको अन्तरालमा न्यायिक सम्मेलन आयोजना गर्ने निर्णय गरेको छ । आगामी सम्मेलन मुस्ताङको लोमान्थाङ गाउँपालिकामा हुनेछ । सम्मेलनले बाँकी रहेको स्थानीय तहमा न्यायिक सहजकर्ता नियुक्तीका लागि प्रदेश सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरेको छ । सम्मेलनबाट बागलुङ नगरपालिकाका उपप्रमुख खड्काको नेतृत्वमा ११ सदस्यीय न्यायिक समिति मञ्च गठन गरिएको छ । गण्डकी प्रदेशस्तरीय उक्त मञ्चको सदस्यमा प्रदेशका ११ वटै जिल्लाको प्रतिनिधित्व रहेको छ । सल्लाहकारमा न्यायिक मञ्चका संस्थापक संयोजक गोरखा नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक मसलीमाया थोकर चयन हुनुभएको छ ।

न्यायिक समितिको क्षमता विकाससँगै कामकारबाहीको प्रभावकारिता अभिवृद्धि गर्न, न्याय सम्पादनमा एकरूपता ल्याउन, कानुनी संरचनालाई थप व्यवस्थित बनाउने आदि उद्देश्यले न्यायिक सम्मेलनको आयोजना गरिएको थियो । सम्मेलनमा संविधानविद् काशीराज दाहाल, गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटा र गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेलले विषगत प्रस्तुतीसहित सहजीकरण गर्नुभएको थियो । सम्मेलनमा सहभागीहरूलाई बागलुङको प्रसिद्ध कालिका भगवती मन्दिर, सर्वसिद्धिधाम पञ्चकोट र शालिग्राम सङ्ग्रहालयको स्थलगत भ्रमण पनि गराइएको थियो । सम्मेलनस्थलमा स्थानीय संस्कृति झल्काउने नाचगीत प्रदर्शन गरिएको थियो । सम्मेलनमा प्रदेशका ८५ वटै स्थानीय तहका न्यायिक समितिका संयोजक र सदस्यहरूको सहभागिता रहेको थियो । यसअघि पहिलो न्यायिक सम्मेल गत वर्ष असोजमा गोरखाको गोरखा नगरपालिकामा आयोजना गरिएको थियो ।

# माओवादी केन्द्रले लोकमार्ग केन्द्रित अभियान सुरु गर्ने

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को मध्यपहाडी लोकमार्ग केन्द्रित जनजागरण अभियानअन्तर्गत पोखरामा आगामी जेठ १० गते जनसभा गर्ने भएको छ ।

जेठ २ गते बैतडीको पाटनबाट सुरु हुने उक्त अभियान जेठ ८ गते लुम्बिनी प्रदेशको पूर्वीरूकुम हुँदै गण्डकी प्रदेशको बागलुङ प्रवेश गर्ने सो पार्टीले जनाएको छ । जेठ ८ र ९ गते गरी बागलङका तीन स्थानमा जनसंवाद कार्यक्रम तय गरिएको माओवादी केन्द्र बागलुङले जनाएको छ ।

पहिलो दिन बुर्तिबाङ र गलकोटमा जनसंवाद कार्यक्रम हुने माओवादी केन्द्रका जिल्ला संयोजक राजीव घिमिरेले जानकारी दिनुभयो । अभियानका क्रममा पार्टी अध्यक्ष पुष्पकमल दाहालसहितका शीर्षनेताहरू जनभेटघाट, अन्तरक्रियालगायत कार्यक्रममा सहभागी हुने जनाइएको छ । सहिद, बेपत्ता र घाइतेजनका परिवारलाई पनि भेट्ने कार्यक्रम तय भएको संयोजक घिमिरेले बताउनुभयो ।

माओवादी केन्द्रले लोकमार्गका प्रत्येक प्रदेशमा एक-एक वटा जनसभा र प्रत्येक जिल्लामा कम्तीमा एक-एक अन्तरसंवाद गर्नेगरी अभियानको तयारी गरेको हो । उक्त अभियान जेठ महिनाभर चल्न सो पार्टीले जनाएको छ ।


## जन्म दर्ता गर्न आवश्यक कागजात

- आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण,
- घरमा जन्म भएको हकमा खोप कार्ड.
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन

नेपाल सरकार
विज्ञापन बोर्ड


# दर्शन साकोसद्वारा महिलाको लागि अचार बनाउने तालिम

विनिता गाहामगर/सविना कुवर
पोखरा, २९ बैशाख



पोखराको दर्शन बचत तथा ऋण सहकारी संस्था लिले महिला शेयर सदस्यहरुलाई उद्यमशिल बनाउन अचार बनाउने तालिम सम्पन्न गरेको छ ।

उक्त तालिममा प्रशिक्षक अनामिका श्रेष्ठले नेपाल ठकुरी संगम परिवार कास्की, ठकुरी महिला परिवार, ठकुरी भु.पु परिवार र ठकुरी युवा परिवार कास्कीका महिला सदस्यहरुलाई मासु, मेथि र लसुनको अचार बनाउन सहजीकरण गर्नुभएको थियो ।

नेपाल ठकुरी संगम परिवार कास्कीको प्राङ्गणमा भएको कार्यक्रममा अध्यक्ष राजाराम शाहीले महिला सदस्यलाई सीप सिकाएर आत्मनिर्भर बनाउने उद्देश्यले अचार बनाउने तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँले तालिममा सीप सिकेपछि पेशा तथा व्यवसाय सञ्चालन गरेर उद्यमी बन्न चाहनेलाई संस्थाले नीति नियम अनुरुप सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । प्रशिक्षक अनामिका श्रेष्ठले आमा दिदी बहिनीहरुले आफ्नै घरमा बसेर पनि खाली समयमा अचार बनाएर आफुलाई घर खर्च चलाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै तालिमबाट सिकेको सीपलाई फुर्सदको समयमा अचार बनाएर बेच्न सदस्यलाई पनि गर्नुभयो । उत्पादन गरेका अचारको बजारीकरण तथा व्यवस्थापनका लागि आफूहरुले सहयोग गर्ने संस्थाले जनाएको छ ।

# राष्ट्रपति पौडेलद्वारा ज्येष्ठ नागरिकलाई सम्मान

पोखरापत्र संवाददाता
दमौली, २९ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले तनहुँको व्यास नगरपालिका–८ रिस्तीमा सोमबार ज्येष्ठ नागरिकलाई सम्मान गर्नुभएको छ ।

ढाडे कुलपूजा व्यवस्थापन समितिको आयोजनामा यहाँ भएको पूजाका अवसरमा राष्ट्रपति पौडेलले ज्येष्ठ नागरिकलाई सम्मान गर्नुभएको हो ।

त्यस क्रममा राष्ट्रपति पौडेलले नौ जनालाई सम्मान गर्नुभएको स्थानीय श्रीहरि पौडेलले जानकारी दिनुभयो ।

राष्ट्रपति पौडेलले स्थानीयवासीसँग यहाँको विकास निर्माणका विषयमा समेत चासो व्यक्त गर्नुभएको थियो । राष्ट्रपति पौडेलको पुर्ख्यौली थलो रिस्ती हो । राष्ट्रपति पौडेलले आजै काठमाडौं फर्किने कार्यक्रम रहेको छ ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । - हजरत अली

## सम्पादकीय

# एमालेलाई दान दिनुकानुन संमत

मीनबहादुरले आगामी दशैंमा हस्तान्तरण गरिदिनेगरी त्यही जग्गामा एमाले मुख्यालय रहने 'मदन भण्डारी स्मृति भवन' बनाइदिने घोषणा पनि गरेका थिए । जग्गादानको घोषणा हुँदा त्यो जग्गा कालु गुरुङको रोड शो रियल इस्टेटको नाममा थियो । जग्गादानको समाचार सार्वजनिक भएपछि अधिवक्ताहरु डा. ज्ञानबहादुर बस्नेत, श्यामकृष्ण मास्के, अर्जुन थापा लगायतले जग्गादानको निर्णय खारेज हुनुपर्ने र जग्गाको स्वामित्व हस्तान्तरण गर्न नहुने माग राख्दै सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए

राजनीतिक दलसम्बन्धी ऐनमा दलहरुलाई आर्थिक सहयोग लिन पाउने अधिकार सुरक्षित गरिएको भन्दै सर्वोच्च अदालतले संविधान र कानुनले रोक नलगाएको क्रियाकलाप गर्न हुने ठम्याएको छ। दलहरुले कुनै व्यक्ति वा संगठित संस्थाबाट अचल सम्पत्ति दान लिनसक्ने भन्दै सर्वोच्च अदालतले 'त्यसमा बन्देज लगाउन नहुने' व्याख्या गरेको हो । त्यसका साथै कुनै व्यक्ति विरुद्ध अदालतमा मुद्दा चलेमा वा कुनै कार्यालयले त्यो व्यक्तिमाथि अनुसन्धान गरेकी आधारमा उसलाई आफ्नो सम्पत्ति दान बकस गर्न निषेध नगरेको भन्दै सर्वोच्च अदालतले जग्गा दान गर्ने गुरुङको घोषणा र स्विकार गर्ने प्रधानमन्त्री समेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीको निर्णयलाई कानुनसम्मत भनेको हो । सर्वोच्च अदालतले फैसलाको पूर्णपाठमा भनेको छ, 'विपक्षीहरु (मीनबहादुर गुरुङ र एमाले) बीच अचल सम्पत्ति दान दिने र लिने घोषणा गरी शिलान्यास गरिएको कार्य अहिले नै कानुन विपरीत रहेको भनि मान्न मिल्ने अवस्था देखिएन ।' कुनै राजनीतिक दलले लिन नहुने ठाउँबाट आर्थिक सहयोग लिएमा राजनीतिक दलसम्बन्धी ऐन बमोजिम निर्वाचन आयोगमा उजुरी दिनुपर्ने व्यवस्था छ । त्यस्तो उजुरी जाँचबुझ गर्ने अधिकार आयोगमा रहेको भन्दै सर्वोच्च अदालतले त्यहाँ उजुरी नगरेको विषयलाई प्रश्न उठाएको छौं ।

अर्कोतर्फ रिट निवेदनमा निर्वाचन आयोगलाई समेत विपक्षी नबनाइएको भन्दै सर्वोच्च अदालतले व्यक्ति मिनबहादुर गुरुङ र कानुन व्यक्तिको हैसियतमा रहेको एमाले विरुद्ध आदेश जारी गर्न नमिल्ने औल्याएको हो । 'उत्प्रेषण र परमादेशको आदेश सरकारी निकायका विरुद्ध मात्र जारी गर्न सकिन्छ । विपक्षी एमाले कुनै सरकारी निकाय होइन' पूर्णपाठमा भनिएको छ, 'निवेदकले माग गरेको आदेश जारी हुने अवस्था देखिदैन ।' मीनबहादुर र एमालेबीच जग्गादान दिने र लिनेसम्मको समझदारी देखिएको र त्यो काम घोषणाभन्दा अघि नबढेको भन्दै सर्वोच्च अदालतले त्यत्तिका भरमा उनीहरुलाई निषेध गर्न नहुने व्याख्या गरेको हो । फैसलाको पूर्णपाठमा भनिएको छ, 'संविधान र कानुनले दललाई सम्पत्ति दान बकस लिन नपाउने गरी बन्देज नलगाएकोमा अचल सम्पत्ति दान दिने र लिने घोषणा गरी शिलान्यास गरिएको कार्य अहिले नै कानुन विपरीत रहेको भनी मान्न मिल्ने देखिएन ।' स्पष्ट पारेको छ ।

# मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ बैशाख

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानामा सोमबार बिहान मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

बेनी-जोमसोम-कोरला सडकअन्तर्गत दानादेखि बेनीतर्फ आउँदै गरेको ग१६प ६१६४ नम्बरको मोटरसाइकल बेनीदेखि जोमसोमतर्फ जाँदै गरेको ग२ख २१३९ नंको बसमा ठोक्किँदा दुर्घटना भएको हो ।

मोटरसाइकल चालक वीरगञ्जका अन्दाजी २० वर्षीय अफताप सलमानको घटनास्थलमा नै मृत्यु भएको इलाका प्रहरी कार्यालय दानाका प्रमुख श्यामबहादुर रानाले बताउनुभयो । अफताप दानामा मोटरसाइकल मर्मत केन्द्र सञ्चालन गर्दै आएका थिए । बसका चालकले तीव्र गतिमा मोटरसाइकल आफूतर्फ आइरहेको देखेपछि आफ्नै साइडमा गाडी रोकेका थिए । मोटरसाइकल एक्कासी गाडीमा आएर ठोक्किँदा दुर्घटना भएको प्रत्यक्षदर्शीले बताएका छन् ।

# सरकारी अस्पतालमा रेबिजविरुद्धको खोप अभाव

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ बैशाख

प्रादेशिक अस्पताल दमौलीमा रेबिज रोगविरुद्धको खोप अभाव भएपछि सेवाग्राही मर्कामा परेका छन् ।

सरकारले निःशुल्क उपलब्ध गराउँदै आएको खोप एक महिनाअघिदेखि नहुँदा सेवाग्राही चर्को मूल्य तिरेर निजी मेडिकलमा धाउन बाध्य भएको अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा परिवर्तन बरालले बताउनुभयो । उहाँले भन्नुभयो, "अस्पतालबाट निःशुल्क पाउने औषधिको रु छ सयभन्दा बढी मूल्य तिर्नुपरेको छ । प्रदेश आपूर्ति केन्द्रलाई पाँच सय डोज खोप माग गरिएकामा ४० वटामात्रै उपलब्ध गराइएकाले समस्या भएको हो ।"डा बरालका अनुसार कुकुरले टोकेपछि तीनवटा रेबिजविरुद्धको खोप लगाउनुपर्ने हुन्छ ।

यहाँ प्रदेश आपूर्ति केन्द्र र नेपाल सरकार स्वास्थ्य मन्त्रालय, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट खोप आउने गरेको छ । निजी मेडिकल व्यवसायीले भने खोप पर्याप्त मात्रामा रहेको रु छ सय ३५ मा सेवाग्राहीलाई उपलब्ध गराइने गरेको बताउने गरेका छन् ।

# देशभर उभौली पर्व मनाइयो

**रासस**
काठमाडौं, २९ बैशाख

किरात राई समुदायले आपसी सद्भाव, एकता र समृद्धिको कामनाकासाथ सोमबार उभौली (साकेला) पर्व भूमिको पूजाआजा गरी मनाएका छन् ।

प्रकृतिका पूजक किराती समुदायले यस पर्वमार्फत सबैलाई संस्कार र संस्कृतिको संरक्षण तथा प्राकृतिक चक्रप्रति कृतज्ञता प्रकट गर्ने गरेका छन् । प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन मनाइने यस पर्वमा बाली लगाउनुअघि गाउँका भूमेथानमा राम्रो अन्नबाली फलोस्, समयमा पानी परोस्, रोगव्याधि नलागोस् भनी कामना गर्दै प्रकृतिको पूजा गर्ने परम्परा छ ।

उभौलीसँगै गर्मी बढ्ने भएकाले मानिस, जीव तथा जलचरसमेत बैंसीबाट लेकतिर लाग्ने हुँदा यस पर्वको नाम उभौली भन्ने गरिएको हो । आजैदेखि एक महिनासम्म भूमेथान वरपर साकेला नृत्यसमेत नाचिने गरिन्छ । यसैबीच, राजधानीमा बसोबास गर्दै आएका किरात राई समुदायले ललितपुरको हात्तीवन र नखिपोट तथा काठमाडौंको गोकर्ण सामुदायिक वनमा भेला भई सुप्तुलुङ (तीन चुल्हो) पूजा र साकेला सिली प्रदर्शनी गरी यो पर्व मनाएका छन् ।

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रियसभा अध्यक्षसहित राजनीतिक दलका नेताहरूले उभौली पर्वको उपलक्ष्यमा सबैमा आपसी सद्भाव, एकता र समृद्धिको भावना जागृत गरोस् भनी शुभकामना व्यक्त गर्नुभएको छ ।

उहाँले किरात समुदायको उभौली पर्वले आपसी सद्भाव, सहिष्णुता र सम्मानको भावना अभिवृद्धि गरी राष्ट्रिय एकतालाई थप सुदृढ गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभएको छ । पूर्वी नेपालको ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ, भोजपुर, इलाम, धनकुटा, उदयपुरलगायतका जिल्लामा किरात समुदायको बाक्लो बसोबास रहेको छ ।

# रेडियो अन्नपूर्णले बिभिन्न कार्यक्रम गरि रजत महोत्सव मनाउने

**विशाल गाहा मगर / सागर परियार**
पोखरा, २९ बैशाख



रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज पोखराले २५ औं वर्षमा प्रबेश गरेको अवसर पारेर बिभिन्न कार्यक्रमहरू गरि रजत बर्ष महोत्सव मनाउने भएको छ ।

रजत बर्ष मनाउनको लागि सोमबार बुद्ध जयन्तीको अवसर पारेर पोखरा १४बाल्छीबुढुवामा रहेको बात्सयान बृध्दाश्रममा खाद्यान्न तथा लत्ताकपडा सहयोग गरेको हो।सहयोग हस्तान्तरण कार्यक्रममा बोल्दै रेडियोका प्रबन्धक निर्देशक सुनयना पालिखेले बुद्ध पुर्णिमाको दिन पारेर सहयोग बितरण गरिएको बताउनुभयो ।

उहाँले रेडियोले वर्ष भरिनै गर्ने कार्यक्रमको सुरुवात भएको घोषणा गर्दै हरेक महिनामा एक एक वटा कार्यक्रम गर्दै जाने उल्लेख गर्नुभयो । पोखरा महानगरपालिका १४ का वडा अध्यक्ष बोधबहादुर कार्कीले रेडियो स्थापनाकाल देखि हालसम्म गरेका सामाजिक कामको प्रशंसा गर्नुभयो । उहाँले २५ औं वर्षमा प्रवेश गरेको अवसरमा गरिएको खाद्यान्न तथा लत्ताकपडा सहयोग सह्रानीय भएको उल्लेख गर्नुभयो ।

बात्स्यायन बृध्दाश्रमका व्यवस्थापन समितिका अध्यक्ष ललित बहादुर बानियाँले बिभिन्न संघ संस्थाले गर्ने यस्तै सहयोगले वृद्धाश्रमको सञ्चालनमा सहयोग पुगेको बताउनुभयो । उहाँले रेडियोले सामाजिक उत्तरदायित्व अन्तर्गत गरेका कामहरुले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । रेडियो अन्नपूर्णका संस्थापक सदस्य तथा समाचार प्रमुख आरजु बिष्ट 'सल्यानी'ले बिगत र वर्तमान अवस्थाको बारेमा अनुभव शेयर गर्नुभएको थियो । उहाँले रेडियोको त्यो बेलाको आवश्यकता र अहिको अवस्थाको बारेमा बताउनुभयो ।

कार्यक्रममा रेडियोका अध्यक्ष बिश्वशंखर पालिखे, निर्देशक बिजेश पालिखे,स्टेशन म्यानेजर सञ्जय कुमार मल्ल,महा-प्रबन्धक नारायण पौडेल लगायतले संस्थाको सहयोगले वृद्धाश्रमको सञ्चालनमा केही न केही सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

२०५८ साल बैशाख १२ गते स्थापना भएको रेडियो अन्तर्गत रेडियो पब्लिक एफएम र अनलाइन अन्नपूर्ण सञ्चालनमा रहेका छन् ।

# घर भाडामै काठेखोला गाउँपालिकाको ६० लाख खर्च

**रासस**
बागलुङ, २९ बैशाख

यहाँको काठेखोला गाउँपालिका स्थापनाको नौ वर्षसम्म भाडाकै घरमा छ । जिल्लाको १० स्थानीय तहमध्ये जग्गाको समेत टुङ्गो नलागेको काठेखोला गाउँपालिकाले हालसम्म भाडाकै घरबाट सेवा दिँदै आएको छ । मासिक ६० हजारका दरले भाडा दिँदै आएको पालिकाले स्थापनाकालदेखि ६० लाख रुपैयाँ भाडामा खर्चेको छ ।

लामो समय हुँदासमेत पालिकाको आफ्नै भवन निर्माण नहुँदा स्थानीयले पालिकाप्रति प्रश्न गर्दै आएका छन् । जिल्लाका सात पालिकाको आफ्नै भवन छभने दुई पालिकाको भवन निर्माणको चरणमा छन्।तरकाठेखोलागाउँपालिकाले स्थापनाकालदेखि प्रशासकीय भवन निर्माणमा आवश्यक जग्गाको खोजी गरे पनि हालसम्म टुङ्गो लगाउन नसकेको हो ।

गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको दोस्रो कार्यकालमा आइपुग्दासमेत पालिकाको भवन निर्माण नहुनु दुःखद भएको काठेखोला गाउँपालिका-२ अछेतेका स्थानीय गणेशबहादुर भण्डारीले बताउनुभयो । उहाँले गाउँपालिकाले नौ वर्षसम्म जग्गा र भवनको टुङ्गो लगाउन नसकेको बताउनुभयो ।

"जबसम्म गाउँपालिकाले पायक पर्ने स्थानमा भवन बनाउन सक्दैन, हामी नागरिकले प्रश्न गर्न छाड्दैनौं, जिल्लाका अन्य पालिका आफ्नो भवनबाट सेवा दिइसक्दा समेत काठेखोलागाउँपालिकाअझैभाडाकै घरमा छ", भण्डारीले भन्नुभयो, "गाउँपालिकालाई स्थानीयले देखाएको जग्गामा भवन बनाउन कस्ले रोक्यो, अछेते बजार नजिकै भवन बनाउँदा सबैलाई पायक पर्दछ, सामुदायिक वनमा भवन बनाउने कुरा थियो, अहिलेसम्म पालिका निर्णयमा नपुग्दा नागरिकलाई सेवा प्रवाहमा समस्या भएको छ ।" गलकोट र जैमिनी नगरपालिकाको भवन निर्माणाधीन अवस्थामा छ । गत फागुनदेखि ढोरपाटन नगरपालिकाले आफ्नै भवनबाट प्रवाह गर्न थालेको छ । काठेखोलाको प्रशासनिक केन्द्रको विवाद सात वर्षपछि टुङ्गोमा पुगे पनि पुनः मुद्दा परेर विवाद बढेको थियो । नौ वर्षदेखि प्रशासनिक भवन निर्माणका विषयमा कार्यपालिका बैठकमा धेरै पटक छलफल भए पनि त्यसले सार्थकता पाएको छैन । अघिल्लो पटक कार्यपालिकाको बैठकले वडा नं ६ को सामबोट सामुदायिक वनको जग्गामा भवन निर्माण गर्ने निर्णय गरेको थियो । सामबोटमा भवन बनाउन कार्यपालिका बैठकले निर्णय गरी १३औं गाउँसभाबाट पारित गरेर रु एक करोड रकम विनियोजन गरे पनि सामुदायिक वनमा भवन बनाउन स्थानीयले अवरोध गरेको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो । बिहुँकोट सुलडाँडामा भाडाको घरबाट सेवा दिँदै आएको पालिकाले आगामी आर्थिक वर्ष भाडा तिर्न नपर्नेगरी विद्यालयको भवनमा सर्ने योजना बनाएको अध्यक्ष थापाले बताउनुभयो । भीमसेन माध्यमिक विद्यालयको भवनबाट साउनदेखि गाउँपालिकाले सेवा दिनेगरी अहिले भवन फर्निसिङको काम गरिरहेको बताउनुभयो । जिल्ला सदरमुकाम बागलुङ बजारसँग जोडिएको यो गाउँपालिका अन्य पालिकाभन्दा सुगममा पर्छ । दुर्गमका पालिकाहरुले आफ्नै भवन निर्माण गरेर काम सुरु गरिसक्दा काठेखोलाको जग्गा तथा भवन अझै टुङ्गो लगाउन सकेको छैन । त्यहाँका केही स्थानीयले सुलडाँडा र केहीले अक्षेतमा केन्द्र राख्ने विषयमा स्थानीयबीच विवाद भइरहेको छ । वडा नं १, २, ३ र ४ ले अक्षेते तथा वडा नं ५, ६, ७ र ८ ले हाल कार्यालय सञ्चालन हुँदै आएको सुलडाँडामै प्रशासनिक भवन बनाउने अडान राख्नाले भवन निर्माणमा ढिलाइ भएको हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मानसिक तनाब | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मुस्ताङ पुग्यो लोमान्थाङ अन्तर्राष्ट्रिय मिडिया समिटको टोली

**पोखरापत्र संवाददाता**
पोखरा, २८ बैशाख

नेपाल प्रेस युनियनको आयोजनामा सुरु भएको लोमान्थाङ अन्तर्राष्ट्रिय मिडिया समिटको तस्रो दिन कास्कीको अन्नपूर्ण गाउँपालिका र पर्वतको जलजला गाउँपालिकामा कार्यक्रम गर्दै मुस्ताङको मार्फा पुगेको छ ।

पोखराको अन्नपूर्ण केवलकार मार्फत फेवातालको मनोरम दृश्य अवलोकन गर्दै सराङकोट पुगेर यात्रा सुरु भएको थियो । समिटमा सहभागी राष्ट्रिय तथा अन्तरराष्ट्रिय संचार क्षेत्रमा आवद्ध व्यक्तित्वहरुलाई अन्नपुर्ण गाउँपालिकामा बाजा गाजा सहित स्वगत गरिएको थियो ।

अन्नपुर्ण गाउँपालिका प्रङ्गणमा आयोजित कार्यक्रममा बोल्दै गाँउपालिका अध्यक्ष विष्णु बहादुर केसीले कृषि, पर्यटन र उर्जामा गाउँपालिकाको विकासलाई केन्द्रित गदै नागरिकलाई सुशासन सहितको सेवाप्रवाहमा संवेदनशिल भएर काम गरेको बताए । उनले अन्तरराष्ट्रिय मिडिया समिटमा सहभागीहरुलाई आफ्नो गाउँमा स्वागत गर्न पाउदा खुसी व्यक्त गरे । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारी, प्रमुख प्रशासकिय अधिकृत विष्णु पोखेलले गाउँपालिकाले गर्दै आएका कार्य सहितको संक्षिप्त परिचय सुनाए । नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले गाउँपालिकाको नेतृत्व सहितको टिमलाई समिटको व्याज सहित मायाको चिनो प्रदान गरे । त्यसलगतै पर्वतको जलजला गाउँपालिकामा नेपाल प्रेस युनियन पर्वतले आयोजना गरेको कार्यक्रममा जलजला गाउँपालिकाको कृषि, पर्यटनको सम्भावनाबारे कार्यपत्र गाउँपालिकाका सुचना प्रविधि अधिकृत सुदिप पौडेलले प्रस्तुत गरे । ४१ प्रतिशत जमिन वनजंगलले ढाकेको जलजला गाँउपालिकाले न्युनतम स्रोत र साधनमा पनि जडिबुटी, जमिन जगंल र कृषिमा सम्भावना खोजेको प्रमुख प्रशासकिय अधिकृत हरि कृष्ण आचार्यले बताए । नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले गाउँपालिकाका सम्भावनालाई संचार माध्यमका मार्फत उजागर गर्ने बताए । मुस्ताङको जोमसोममा मंगलबार जलवायु परिवर्तन र यस्को प्रभाव , चनौतीका बारेमा छलफल हुने नेपाल प्रेस युनियन गण्डकी प्रदेशका अध्यक्ष टंक अधिकारीले बताए ।

# पर्यटक लोभ्याउने मुस्ताङको 'ढुम्बाताल'

सुन्दरकुमार थकाली
मुस्ताङ, २९ बैशाख/रासस

नीलगिरि हिमालको फेदैमा घरपभ्ोङ-५ सम्लेस्थित ढुम्बाताल आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ । समुन्द्री सतहदेखि दुई हजार ८३० मिटरको अग्लो उचाइमा अवस्थित ढुम्बाताल पछिल्लो समय पर्यटकीय गन्तव्यका रुपमा विकास हुन थालेको हो ।

जोमसोम–कोरला राष्ट्रिय राजमार्गदेखि तीन किलोमिटर दूरीमा पर्ने ढुम्बातालसम्म सडकको पहुँच जोडिएसँगै आन्तरिक तथा पर्यटकको उपस्थिति वृद्धि हुन थालेको हो । मुक्तिनाथ दर्शन गर्ने र उपल्लो मुस्ताङको कोरलानाका पुगेर फर्किएका पर्यटकले ढुम्बातालको अवलोकन गर्न छुटाउँदैनन् । गण्डकी प्रदेश सरकारले ढुम्बाताल जोड्नेगरी घरपभ्ोङ रिङरोड सडक स्तरोन्नति गरेकाले पर्यटकलाई ढुम्बाताल पुग्न सहज भएको हो ।

ताल छेउ रेष्टुरेन्ट सञ्चालन गर्नुभएकी सनी थकालीले पर्यटकीय याममा दैनिक २०० देखि ५०० सम्म आन्तरिक तथा बाह्य पर्यटक ढुम्बातालको अवलोकन गर्न आउने गरेको जानकारी दिनुभयो । "विशेषगरी दसैंतिहार र औंसी तिथिमा धेरै पर्यटक यहाँ आउनुहुन्छ, अन्य समयमा औसत ४०/५० जनाको हाराहारी पर्यटक आउँछन्", उहाँले भन्नुभयो, "बर्सेनि सडक सुविधा सहज हुँदै गएकाले पर्यटक सङ्ख्या वृद्धि भइरहेको छ ।" यो



ताल पछिल्लो समय 'पान बुट्टे' तालका रुपमा पनि परिचित छ । ढुम्बाताल माथिको अग्लो स्थानमा अवलोकन गर्दा ढुम्बाताल प्रेम चिह्नका आकारमा देख्न सकिन्छ। यसैका कारण ढुम्बाताललाई पान बुट्टे ताल भन्ने गरिएको हो । करिब १३० मिटर दूरीमा फैलिएको नीलो रङ्गको ढुम्बाताल अग्लो स्थानको जङ्गलको फेदमा छ । नीलगिरि हिमालको फेदमुनिको मूलको पानी सिञ्चित भएर यो ताल बनेको स्थानीयको भनाइ छ। ढुम्बातालबाट नीलिगिरि र धौलागिरि हिमाललगायत आसपासका डाँडाकाँडा मनमोहक देखिन्छन् । ढुम्बातालमा कुछ्प तेरङ्गा गुम्बा, कालीगण्डकी करिडोरलगायत जोमसोम, ठिनी, स्याङ, मार्फा, सम्लेलगायत गाउँ आकर्षक देखिन्छन् । यसका अलावा ढुम्बातालबाट मार्फा, जोमसोम, स्याङ, ठिनी र सम्ले गाउँलगायतका स्थानका स्याउबारी तथा उवाखेतीले त्यहाँ पुग्ने पर्यटकलाई झनै मोहित तुल्याउने गर्छ । काठमाडौंबाट ढुम्बाताल आइपुग्नुभएकी सोनी अवालले कोलाहल मुक्त स्थानमा रहेको तालमा आइपुग्दा बेग्लै अनुभूति भएको सुनाउनुभयो । "तालतलैया त बेंसीमा छन्, तर त्यहाँ निकै नै कोलाहल हुन्छ", अवालले थप्नुभयो, "यहाँको प्राकृतिक सौन्दर्यता र रमणीय कोलाहल मुक्त स्थानले बेग्लै संसारमा आइपुगको महसुस भएको छ ।"

ढुम्बाताल नजिकै रहेको कुछप तेरङ्गा गुम्बाको इतिहाससँग जोडिएको थकालीको भनाइ छ। उहाँका अनुसार परापूर्वकालमा ठिनी गाउँका स्थानीय लामा उर्गेन पाल्साङले तिब्बत पुगेर बौद्ध शिक्षा प्राप्त गरेका थिए । त्यस क्रममा लामा पाल्साङलाई बुद्ध धर्म फैलाउन गुरु दक्षिणा स्वरुपमा गुरुले पद्मसम्भव (गुरु रिन्पोछे)को पाँच रत्न उपहार दिएका थिए । गुरुले पाँच रत्न दिने क्रममा त्यसलाई विशाल हात्तीको सुँढ आकारको पहाड र त्यसको देब्रे दाहिने हिमाल देख्न सकिने, त्यसको तल कालीगण्डकी नदी र उत्तरतर्फ ताल भएको ठाउँमा विराजमान गराउनु भन्ने आदेश दिनुभयो । सोही अनुसार ढुम्बातालको छेउमा गुरु पद्मसम्भवको पाँच रत्न कुछ्प तेरङ्गा प्रतिस्थापन गर्नुभएको भन्ने किंवदन्ती छ।

बौद्ध धर्मको चार हाँगामध्ये निङ्पा धर्मसँग कुछ्प तेरङ्गा गुम्बा र ढुम्बाताल सम्बन्धित रहेको स्थानीय थकालीको भनाइ छ। बर्सेनि कुछ्प तेरङ्गा गुम्बामा विशेष धार्मिक पूजाआजा चल्दा ढुम्बातालको जल चढाउने गरिन्छ।

ढुम्बाताल कुछ्प तेर्गा गुम्बा व्यवस्थापन समितिको स्वामित्वमा छ । ताललाई एक्यापअन्तर्गत स्थानीय जोमसोम, ठिनी र सम्ले संरक्षण व्यवस्थापन समितिले संरक्षण गर्दै आइरहेका छन् । गुरु पद्यम सम्भवको पाँच रत्न प्रतिस्थापित गुम्बामा विशेष पूजापाठ हुँदा तालमा माछाको भुरा छाड्ने गरेको छ । तालको उत्तरतर्फको भागमा ठूलो सेतो ढुङ्गा अवस्थित छ । त्यहाँ नागदेवताको थान रहेको बताइन्छ । तालमा माछा मार्न प्रतिबन्ध गरिएको छ। तालमा माछा खानका लागि लोपोन्मुख पानी हाँसहरु जम्मा हुने गर्छन् ।

पछिल्लो समय प्रदेश, स्थानीय सरकार, एक्याप, संरक्षण व्यवस्थापन समिति, गुम्बा संरक्षण व्यवस्थापन समिति र स्थानीयवासीको पहलमा ढुम्बातालमा पूर्वाधार विकासमा समेत जोड दिइएको छ । ढुम्बाताल वरिपरि रेलिङसहितको सिंढी बाटो, विश्राम स्थल, हट रुमलगायत विभिन्न सूचनामूलक साइनबोर्डहरुको व्यवस्थापन गरिएको छ।

# लक्ष्मी आदर्श माविले मनायो ५७ औं वार्षिकोत्सव

दुर्गा नेपाली/पिमला नेपाली
पोखरा, २९ बैशाख

पोखरा महानगरपालिका वडा नं २७ को शिसुवामा रहेको लक्ष्मी आदर्श माविले सोमवार ५७ औं वार्षिकोत्सव एवम् छात्रवृत्ति तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरेको छ।

विद्यालयका पूर्व विद्यार्थी समेत रहेका गण्डकी विश्वविद्यालयका कुलपति प्राध्यापक डा. इन्द्रप्रसाद तिवारीले कार्यक्रम उद्घाटन गर्दै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गरे । तिवारीले शैक्षिक सुधारका कार्यक्रममा गण्डकी विश्वविद्यालय सहकार्य गर्न तयार रहेको वताए। वडा नं.२७ का वडा अध्यक्ष पूर्णकमार गुरुङले राज्यले शिक्षाको क्षेत्रमा गरेको ठुलो लगानीको सही रुपमा सदुपयोग गरेर ब्यवहारिक र प्रयोगात्मक शिक्षा प्रणालीलाई आत्मसाथ गर्दै अगाडि वढ्नु पर्ने धारणा राखे । बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष चतुराखर अधिकारीले कार्यक्रमका उद्धेश्य स्वम् भावी योजना वारे जानकारी गराएको उक्त कार्यक्रममा पोखरा महानगरपालिका, शिक्षा महाशाखाका वरिष्ठ शिक्षा अधिकृत वद्रीनाथ सुवेदीले बौद्धिक



पलायनलाई रोक्न विद्यार्थीहरुलाई स्वदेशमा नै राख्ने खालको शिक्षा दिने वारेमा राज्य प्रणाली चिन्तनशील भएको धारणा राखेका थिए। विद्यालयकासहायक प्रधानाध्यापक श्री कोपिला धितालले स्वागत मन्तब्य राखेकी थिइन भने अक्षयकोष स्थापना गर्ने दाताहरुको प्रतिनिधित्व गर्दै पदमराज ढकाल, कक्षा १०की अमृता तामाङ, विवेक अधिकारी, कक्षा ११का रोशन रावल लगायतले शुभकामना मन्तव्य राखेका थिए । प्र.अ. शिवमणि भण्डारीले विद्यालयका गतिविधि र भावी योजना प्रस्तुत गरेको कार्यक्रममा वि व्य.स.सदस्य श्री हेमराज आचार्यले धन्यवाद ज्ञापन गरे । अक्षयकोष तथा विद्यालयस्रोत वाट १सय २ जना विद्याथीलाई छात्रवृत्ती तथा शैक्षिक र अतिरिक्त क्रियालाप का पुरस्कार वितरण गरिएको थियो । सञ्चालन विद्यालयका लेखापाल गणेश पौडेलले गरेका थिए । सहायक प्रधानाध्यापक कोपिला धिताल,शिक्षक दामोदर पौडेल,सन्तोष सुवेदी, शकुन्तला पाण्डे लेखापाल गणेश पौडेल र पिटी शिक्षक श्री खिम वहादुर आलेलाई लगायतलाई सम्मान समेत गरिएको थियो ।

# वैदेशिक रोजगारीमा ज्यान गुमाएका चौध जनाको परिवारलाई क्षतिपूर्ति

पोखरापत्र संवाददाता
तनहुँ, २९ बैशाख

जिल्ला प्रशासन कार्यालयबाट सञ्चालन गरिएको सुरक्षित आप्रवासन कार्यक्रम (सामी) तनहुँले वैदेशिक रोजगारीमा ज्यान गुमाएका चौध जनाका परिवारलाई क्षतिपूर्ति रकम उपलब्ध गराएको छ।

चालु आर्थिक वर्षको साउनदेखि चैत नौ महिनाको अवधिमा चौध जनाको परिवारलाई रु तीन करोड ७९ लाख ६८ हजार २५६ रकम उपलब्ध गराएको हो।

वैदेशिक रोजगारीमा ज्यान गुमाएका, ठगीमा परेका र घाइते उपचारसहित कुल रु चार करोड ३४ लाख २० हजार २५६ क्षतिपूर्ति रकम सहयोगमा सहजीकरण गरेको हो।

ठगीमा परेका बाह्र जनालाई रु ५४ लाख दुई हजार र दुर्घटनामा घाइते एक जनाको उपचारका लागि रु एक लाख रकम उपलब्ध भएपछि प्रदान गरिएको सामी कार्यक्रमकी परामर्शकर्ता गोमा तिवारीले जानकारी दिनुभयो।

उक्त सामी कार्यक्रममा १८१ वटा मुद्दा दर्ता भएका छन् । चालु आर्थिक वर्षको साउनदेखि चैतसम्म नौ महिनाको अवधिमा उक्त सङ्ख्यामा मुद्दा दर्ता भएका हुन् । दर्ता भएका मुद्दामध्ये ५४ वटा फछ्र्यौट भएको छ भने १२७ वटा कारबाहीको प्रक्रियामा रहेको छ । उहाँका अनुसार व्यास नगरपालिका ६३, भानुमा १५, शुक्लागण्डकीमा २३, म्याग्देमा २१, भिमादमा १३, ऋषिङबाट १२, बन्दीपुर १७, देवघाट चार, घिरिङमा तीन र अन्य जिल्लाबाट नौ मुद्दा दर्ता भएका थिए । उहाँले भन्नुभयो, "नौ महिनाको अवधिमा वैदेशिक रोजगारीमा जान लागेका नौ हजार १६० जनालाई सचेतनासम्बन्धी परामर्श दिइएको छ।" नेपाल सरकारबाट मान्यता प्राप्त मेनपावरबाट जाने, भिजिट भिषामा नजाने, एजेन्टमार्फत नजाने र श्रम अनिवार्य गराएर मात्रै जानेलगायतका विषयमा परामर्श दिई सचेत गराएको उहाँले बताउनुभयो । "वैदेशिक रोजगारीमा जाने कोही पनि नठगिऊन्, दुःख नपाऊन् भनेर यस क्षेत्रमा काम गर्दै आएका छौं," उहाँले भन्नुभयो, "वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र भरपर्दो बनाउन सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को प्रभावकारी भूमिका देखिएको छ।" नेपाल सरकार र स्विस सरकारबीच भएको द्विपक्षीय सम्झौताअनुसार नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत हेल्भेटास नेपालको प्राविधिक सहयोगमा यस कार्यक्रम सञ्चालन हुँदै आएको छ। सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को एक अभिन्न अङ्गका रूपमा रहेको आप्रवासी स्रोत केन्द्रले विशेषगरी वैदेशिक रोजगारीमा जाने सम्भावित कामदारहरूका लागि सूचना तथा परामर्श दिने काम गर्दै आएको सहायक प्रमुख जिल्ला अधिकारी जितबहादुर भण्डारीले बताउनुभयो। जिल्ला प्रशासन कार्यालयमा सञ्चालन हुँदा राहदानी बनाउन आएका युवायुवतीलाई कोठामा राखेर परामर्श दिने गरिएको सुरक्षित आप्रवासन कार्यक्रम (सामी)ले जनाएको छ।

# निजी क्षेत्रको सहयोगबिना देशको विकास हुँदैन : मन्त्री पाण्डे

पोखरापत्र संवाददाता
नवलपरासी, २९ बैशाख

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले निजी क्षेत्र अगाडि नबढी कुनै पनि देशको विकास नभएको बताउनुभएको छ।

जिल्लाको गैंडाकोटमा आइएमई ग्रुपको होटल इलाको आज उद्घाटन गर्दै उहाँले सरकारको प्रयासले मात्रै कुनै पनि देशलाई अगाडि बढाउन, विकसित गर्न र समृद्धि हासिल गर्न नसकिने बताउनुभयो। "सरकारको पुँजी र प्रयासले मात्रै सम्पूर्ण कुरा सम्भव हुँदैन। पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार, होटल बनाउन सरकारले सक्दैन", मन्त्री पाण्डेले भन्नुभयो,"निजी, सहकारी र सार्वजनिक क्षेत्रको सहकार्यमा देशको विकास गर्नुपर्छ भनेर संविधानमै तीनखम्बे अर्थनीतिलाई अङ्गिकार गरिएको छ। यसको पालना गरेर अगाडि बढौं।"

उहाँले हवाई सेवामा पनि निजी क्षेत्रको प्रवेश नभएको भए अहिलेको जस्तो विकासमा पुग्न नसकिने भन्दै निजी क्षेत्रले नै अवस्था सहज बनाएको बताउनुभयो । "यसै कारण हामीले निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ। निजी क्षेत्रलाई ऐन, कानुन र नीतिमार्फत सहयोग पुऱ्याउन सरकारले सहजीकरण गर्ने हो । त्यसमा हामी तयार छौं । लगानीमैत्री वातावरण बनाउन सम्पूर्ण सहयोग गर्न सरकार प्रतिबद्ध छ", मन्त्री पाण्डेको भनाइ थियो । उहाँले संस्कृति जोगाउनु र पुरातत्व जोगाउनु सबैको दायित्व भएको भन्दै इतिहास जोगाउने र आधुनिक विकासको नयाँ ढोका खोल्ने काम सँगसँगै गर्नुपर्नेमा जोड दिनुभयो। मन्त्री पाण्डेले संस्कृति, पर्यटक, हवाई नीति समयसापेक्ष बनाउने विषयमा सरकारले तत्परता देखाएको बताउनुभयो।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष एवं होटल सञ्चालक चन्द्रप्रसाद ढकालले आइएमई ग्रुप सातवटै प्रदेशमा पर्यटन पूर्वाधार बनाउने उद्देश्यका साथ केबलकार र रिसोर्टका योजना बनाएर अगाडि बढेको बताउनुभयो । उहाँले नेपालमा पर्यटनको अपार सम्भावना रहेको र त्यसको उजागर गर्न सकेमा पर्यटनमा ठूलो फड्को मार्दै यसैबाट रोजगारी सृजना गर्न सकिने धारणा राख्नुभयो।

आइएमई ग्रुपले आजदेखि सञ्चालनमा ल्याएको इला होटल तथा रिसोर्टमा स्वीट तथा डिलक्ससहित ६५ वटा कोठा रहेका छन्। होटलमा एक हजार जना क्षमताको ब्याङ्क्वेट तथा कन्फ्रेन्स हल, रेष्टुरेन्ट, स्वीमिङपुल, स्पा र जिमलगायत विभिन्न सुविधा उपलब्ध रहेको त्यस अवसरमा जानकारी दिइयो।

# प्रतिकूल मौसमका कारण सगरमाथा आरोहण प्रभावित

रासस
काठमाडौं, २९ बैशाख

वसन्त ऋतुमा सगरमाथासहितका विभिन्न हिमाल आरोहण जारी छ। तथापि प्रतिकूल मौसमका कारण आज सगरमाथा, कञ्चनजङ्घलगायत हिमालको आरोहण प्रभावित भएको छ । पर्यटन विभागका अनुसार सगरमाथामा तीव्र गतिको हावाका कारण आरोहण प्रभावित भएको हो।

विभागका निर्देशक हिमाल गौतमले भन्नुभयो, "सगरमाथामा तीव्र गतिको हावा बहेका कारणले गर्दा आज आरोहण हुन नसकेको खबर आएको छ।"

आरोहणको तयारीमा रहेका धेरै सङ्ख्याका आरोही अहिले सुरक्षित स्थलतर्फ फर्किदैछन् । अक्सिजन पर्याप्त भएका आरोही भने दोस्रो र तेस्रो शिविरमा अनुकूल मौसमको प्रतिक्षामा छन् । सगरमाथाको आधार शिविरमा रहेको पर्यटन विभागको अस्थायी फिल्ड कार्यालयका प्रतिनिधि पासाङ भोटेका अनुसार मौसममा आएको खराबीले सगरमाथा आरोहण प्रभावित भएको छ।

मौसमका कारण मे १५ तारिखमा आरोहण गर्ने योजना रद्द भएको छ। सम्भवतः मे १४ तारिखको आरोहण योजना पनि रद्द हुनेछ । उक्त मितिमा सगरमाथाको चुचुरोमा पुग्ने योजना बनाएका आरोही आधार शिविर झरिरहेको विभागका प्रतिनिधि भोटेले बताउनुभयो । उहाँले भन्नुभयो, "मौसमका कारण आज सगरमाथाको आरोहण हुनसकेको छैन। चौँथो शिविर पुगेका आरोही आज र भोलि मङ्गलबार सबैजना आधार शिविर आउनुहुन्छ होला।" मौसम खराबीका कारण अबको तीन/चार दिन सगरमाथा आरोहण नहुने जनाइएको छ। मौसमले साथ दिए मे १८ तारिखदेखि सगरमाथा आरोहण हुने विभागले उल्लेख गरेको छ । सगरमाथा आरोहण व्यवस्थापनको जिम्मेवारी पाएको एकटके एक्सपिडिसन कम्पनीका अनुसार मे ११ देखि १४ तारिखसम्म सर्वाधिक सङ्ख्यामा आरोही चुचुरोमा पुग्ने सम्भावना थियो । मे १२ देखि १५ सम्म 'समिट बिन्डो' रहेको थियो । मे १६ र १७ मा हिमपात हुने अनुमान गरिएको थियो । तर पाँच दिन अगाडि नै सगरमाथा क्षेत्रको मौसम बिग्रिएर आरोहण अवरुद्ध भएको हो। हालसम्म सगरमाथाको चुचुरोसम्म डोरी टाँग्ने (रोप फिक्सिङ्ग)सहित चार समूहका आरोहीले मात्रै सगरमाथा चढेको विभागको फिल्ड कार्यालयले जनाएको छ । कञ्चनजङ्घा हिमालमा पनि प्रतिकूल मौसमले आरोहण प्रभावित भएको विभागले जनाएको छ । मे १० तारिखमा दावा फुञ्जो शेर्पा र फुर्साङ शेर्पाले सगरमाथा आरोहण गर्नुभएको छ । यस्तै मे ११ मा बेलायतका आरोही मिचेल लियोनार्ड डाक्रेले आरोहण गर्नुभयो। नेपालबाट ग्याल्जे शेर्पा, फुरी शेर्पा र आङ पेम्बा शेर्पाले सगरमाथा आरोहण गर्नुभएको छ । त्यस्तै इक्वेडरका पेट्रिसियो एरेभालोले पनि सोही दिन आरोहण गर्नुभएको छ । मे ११ तारिखकै दिन दावा फुञ्जो शेर्पाले लोहोत्से हिमालको पनि आरोहण गर्नुभएको छ । आरोहीहरू अहिले सगरमाथाको दोस्रो र तेस्रो शिविर आसपास प्रतिक्षारत छन् । त्यसैगरी यस याममा पाँच नेपाली, तीन चिनियाँ आरोही र एक किर्गिस्तानीले मकालु आरोहण गरेको विभागको फिल्ड कार्यालयले जनाएको छ। वसन्त ऋतुको सगरमाथा आरोहण यही वैशाख २६ गतेदेखि सुरु भएको हो । एटके एक्सपीडिसन कम्पनीबाट खटिएका सात जनाको शेर्पा टोलीले शुक्रबार साँझ ५ बजे सगरमाथाको चुचुरोमा टोरी टाँगेर आरोहणको ढोका खोलेका थिए।

# गोरखानाथ मन्दिरमा सवा लाख रोट महोत्सव सुरु

पोखरापत्र संवाददाता
गोरखा, २९ बैशाख

प्रसिद्ध धार्मिकस्थलका रूपमा रहेको गोरखाको गोरखनाथ मन्दिरमा आजदेखि सवा लाख रोट महोत्सव सुरु भएको छ । विश्व शान्तिको कामनासहित सिद्धाश्रम शक्ति केन्द्र नेपालको आयोजनामा जिल्लामा धार्मिक पर्यटक भित्र्याउने उद्देश्यसहित २२ औं सवा लाख रोट महोत्सव सुरु भएको हो।

रोटलाई गुरु गोरखानाथको मन पर्ने खाद्य परिकारका रूपमा लिइन्छ । एघार दिनसम्म चल्ने महोत्सवको उद्घाटन कार्यक्रमका अवसरमा सदरमुकामको हरमटारी चोकबाट गोरखा दरबारस्थित गोरखानाथ गुफासम्म कलश तथा रथयात्रा निकालिएको सिद्धाश्रम शक्ति केन्द्र गोरखाका संयोजक किशोरकुमार अकेलाले जानकारी दिनुभयो । " मन्दिरमा दैनिक रूपमा रोट चढाउने प्रचलन रहे पनि विगत २२ वर्षदेखि यसलाई महोत्सवका रूपमा अगाडि बढाउन थालिएको छ। महोत्सव अवधिभर गोरखनाथलाई सवा लाख रोट चढाउने गरिन्छ", उहाँले भन्नुभयो । गोरखनाथ पहिलोपटक गोरखाको पवित्रस्थल गोरखानाथ गुफामा प्रकट भएको विश्वास रहेको छ। सोही विश्वासका साथ मन्दिरमा रोट चढाउने प्रचलन रहँदै आएको हो । चामलको पीठो, नरिवल, ल्वाङ, अलैंची, चिनीलगायत ५२ प्रकारका मसला घ्यूमा मिसाएर पकाइन्छ । तत्कालीन नेपाल एकीकरणका समयमा पृथ्वीनारायण शाहले आफ्ना सेनालाई प्रसादका रूपमा एउटा रोट, एकमाना पानी खुवाएपछि भोक नलागेको र लामो समय लडाइँ लड्न सकेको भन्ने भनाइसमेतरहेकोछ।यसैलेरोटलाई शक्तिवर्द्धक खाद्य परिकारका रूपमा पनि लिने गरिएको छ।

संयोजक अकेलाका अनुसार यहाँ महोत्सवमा आउने धार्मिक पर्यटकका लागि आयोजकले नै खाने, बस्ने व्यवस्था मिलाएको छ । यसपटक ५० हजारभन्दा बढी धार्मिक पर्यटक महोत्सवमा सहभागी हुने अनुमान गरिएको छ।